# पाणिनीय व्याकरणका द्वित्वनियम र प्रयोगको विश्लेषण

**मतिप्रसाद ढकाल (विद्यावारिधि)**

*सहप्राध्यापक, कालिका संस्कृत विद्यापीठ*

dhakalmatip@gmail.com

**सारसङ्क्षेप**

*पाणिनीय व्याकरणका विभिन्न महत्त्वपूर्ण प्रक्रियाहरूअन्तर्गत पर्ने द्वित्वप्रक्रिया वर्ण, धातु र पदमा प्रवृत्त हुन्छ । यर्, यण्, मय्, खय् र शर् प्रत्याहारमा पर्ने व्यञ्जनवर्णको द्वित्व हुन्छ भने कुनै पनि स्वरवर्णको द्वित्व भएको पाइँदैन । लिट्, सन्, यङ्, श्लु, चङ्, अच्, क्विप्, क र कु गरी नौ प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को तथा अजादि धातुका द्वितीय र तृतीय एकाच्को पनि द्वित्व हुन्छ भने ईर्ष्य् धातुमा तृतीय व्यञ्जनको पनि द्वित्व भएको देखिन्छ । आभीक्ष्ण्य, वीप्सा, वर्जन, सामीप्य असूया, सम्मति, कोप, कुत्सन, भर्त्सन, पीडा, सादृश्य, स्व, आनुपूर्व्य, पौनःपुण्य, भृश, अतिशय, सम्पन्नार्थ, चापल, क्रियासमभिहार, कर्मव्यतिहार, दुःखभिन्न, आत्मा–आत्मीय, रहस्य, मर्यादावचन, व्युत्क्रमण, यज्ञपात्रप्रयोग र अभिव्यक्ति अर्थलाई, छन्दःपादपूर्तिलाई तथा डाच् प्रत्ययलाई समेत निमित्त मानेर सम्पूर्ण पदको द्वित्व हुन्छ । वर्ण, धातु र पदको द्वित्वका लागि क्रमशः १२, १८ र २१ गरी ५१ नियमहरू प्रवृत्त हुन्छन् । तीमध्ये २४ सूत्र, २५ वार्तिक र दुई भाष्येष्टि नियमको प्रवृत्ति द्वित्वविधानमा भएको पाइन्छ भने तिनमा पाँच सूत्र र दुई वार्तिक द्वित्वनिषेधमा प्रवृत्त भएका देखिन्छन् ।*

**शब्दकुञ्जिका**

द्वित्व, निमित्तक, प्रयोग, प्रवृत्ति, प्रक्रिया ।

## शोधपरिचय

पाणिनिले आफ्नो अष्टाध्यायीमा द्वित्व शब्दको उल्लेख नगरे पनि त्यसको पर्यायवाची शब्दका रूपमा दुई सूत्र (पाणिनि/पा., अष्टाध्यायी/अ. १।१।५८, १।१।५९) मा द्विर्वचन शब्दको प्रयोग त गरेका छन् तर द्विर्वचन शब्द पाणिनीय द्वित्वनियमका सन्दर्भमा प्रवृत्त वा अनुवर्तन भने भएको देखिँदैन । पाणिनिद्वारा १७ सूत्रमा गरिएको द्वि शब्दमध्ये अष्टाध्यायीको छैटौँ अध्यायको प्रारम्भमै पढिएको द्वि शब्दका आधारमा धातुको द्वित्वप्रक्रिया व्यवस्थित गरिएको हो भने आठौँ अध्यायको पहिलो पाउको प्रारम्भमै पढिएको सर्वस्य द्वे (पा.,अ. ८।१।१) सूत्रमा प्रयुक्त द्वि शब्द पदको द्वित्वका लागि प्रवृत्त भएको हो । त्यसैगरी आठौँ अध्यायकै चौथो पाउमा पढिएको द्वि शब्द प्रयुक्त एउटा सूत्र (पा.,अ. ८।४।४६) व्यञ्जनवर्णको द्वित्वका लागि प्रवृत्त भएको पाइन्छ । पाणिनीय व्याकरणमा द्वित्वलाई स्पष्ट रूपमा कुनै विभाजन त गरिएको पाइँदैन तापनि द्वित्वनियमहरूको अध्ययन गरिएका प्रकरणहरूका आधारमा तिनलाई मुख्यतः वर्णद्वित्व, धातुद्वित्व र पदद्वित्व गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । यस अध्ययनमा पाणिनीय व्याकरणमा प्रवृत्त

हुने तिनै तीन प्रकारका द्वित्वको अध्ययन गरिएका सूत्र, वार्तिक एवम् भाष्येष्टि नियम र प्रयोगहरूको विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

## पूर्वकार्यको समीक्षा

रामदेव त्रिपाठी (१९७७, पृ. ५०४) ले द्वित्वलाई द्विरुक्तिका रूपमा प्रयोग गरेर यसलाई एकशेषको विपरीत प्रक्रियाका रूपमा चिनाउँदै पाणिनीय द्विरुक्ति प्रकरणको सामान्य उल्लेख गरेका छन्। यसैगरी भट्टोजि दीक्षित (शर्मा, १९८२, पृ. ६६२—६७८) ले द्विरुक्तप्रकरणमा अष्टाध्यायीक्रमले १२ सूत्र र आठ वार्तिकको विवरणात्मक चर्चा गरेका छन्। त्यस्तै श्रीमन्त भद्र (२०१५) ले द्विरुक्तप्रकरणलाई सुबन्तको आनुषङ्गिक प्रकरण मानेर द्विरुक्तप्रकरणमा वीप्सादि तत्तदर्थमा द्विर्वचन गरिएको उल्लेख गरेका छन्। यसैगरी भोलाशङ्कर व्यास (२००४, पृ. २०५, २०६, २२९—२३२) ले संस्कृत पदरचनाका सन्दर्भमा धातुको द्वित्वसम्बन्धी सामान्य चर्चा गरेका छन्। त्यस्तै मतिप्रसाद ढकाल (२०६७, पृ.६७—७७) ले पाणिनीय व्याकरणका द्वित्वनियमहरूको सोदाहरण विवरणात्मक अध्ययन गरेका छन्। त्यसैगरी उद्धव भंडारे (२०२१, पृ. ७) ले ध्वनिनिरुक्तिका सन्दर्भमा धातुको द्वित्वका सन्दर्भमा सङ्केतात्मक चर्चा गरेका छन्। यसप्रकार द्वित्वविषयक पूर्ववर्ती यी अध्ययनहरूमा पाणिनीय व्याकरणका वर्ण, धातु र पदमा हुने समग्र द्वित्वनियम र प्रयोगहरूको विश्लेषणात्मक अध्ययन हुन नसकेकाले यस अध्ययनमा त्यसको परिपूर्ति गर्ने प्रयत्न गरिएको छ।

## शोधसमस्या र उद्देश्य

लोप, आगम, आदेश र प्रत्ययविधानका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको अध्ययन भएको देखिए पनि द्वित्वविधानका आधारमा पाणिनीय व्याकरणका नियम र प्रयोगको अध्ययन–विश्लेषण हालसम्म भएको नपाइएकाले पाणिनीय व्याकरणमा द्वित्वविधान कति प्रकारका छन्? द्वित्वविधानमा प्रवृत्त हुने नियमहरू केकति छन्? र द्वित्वविधानका प्रयोगहरू केकस्ता छन्? भन्ने जिज्ञासाको प्राज्ञिक समाधानको अन्वेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययनविधि

यस अध्ययनमा पाणिनीय व्याकरणका समग्र द्वित्वका प्रकारहरूको सर्वेक्षणात्मक विधिले, द्वित्वनियमहरूको वर्णनात्मक विधिले तथा द्वित्वसम्बद्ध नियमअन्तर्गतका प्रयोगहरूको प्रतिनिधिमूलक विधिले एवम् द्वित्वनियम र तदन्तर्गतका प्रयोगहरूका बीचमा यथासम्भव तुलनात्मक विधिको उपयोग गरी विषयविश्लेषणका साथ निष्कर्षमा पुगिएको छ।

## पाणिनीय व्याकरणका वर्णद्वित्वनियम र प्रयोगको विश्लेषण

वर्णहरूको पुनरावृत्ति हुने प्रक्रियालाई वर्णद्वित्व भनिन्छ। पाणिनीय व्याकरणमा प्रवृत्त हुने वर्णद्वित्वका समग्र नियम र प्रयोगहरूको अवस्थालाई दृष्टिगत गर्दा हल्वर्णको मात्र द्वित्व भएको र अच्वर्णको द्वित्वका लागि कुनै नियम प्रवृत्त भएको देखिँदैन। पाणिनीय व्याकरणमा प्रवृत्त वर्णद्वित्वका नियमलाई मुख्यतः यर् वर्णद्वित्व, यण् वर्णद्वित्व, मय् वर्णद्वित्व, खय् वर्णद्वित्व र शर् वर्णद्वित्व गरी पाँच प्रकारमा विभाजन गर्न सकिन्छ।

## यर् वर्णको द्वित्वनियम र प्रयोगको विश्लेषण

यर् प्रत्याहारमा पर्ने व्यञ्जन वर्णहरूलाई यर् वर्ण भनिन्छ । यर् वर्णको द्वित्वका लागि पाणिनीय व्याकरणका दुई सूत्रनियम प्रवृत्त हुन्छन् भने यर् वर्णको द्वित्वनिषेधका लागि पाँच सूत्रनियम र दुई वार्तिकनियम गरी सात नियमहरू प्रवृत्त भएका पाइन्छन् । अच् वर्णदेखि उत्तरवर्ती रेफ र हकारदेखि पर रहेका यर् वर्णको विकल्पले द्वित्व हुने (पा.,अ. ८।४।४६) भएकाले हरेरनुभवः यस विग्रहमा षष्ठी समास र यण्सन्धि भएपछिको हर्+यनुभवः यस अवस्थामा रेफदेखि उत्तरवर्ती यर् प्रत्याहारस्थ यकारको द्वित्व भएर हर्य्यनुभवः शब्द बन्दछ भने नहि र अस्ति दुवै शब्दका बिचमा यण्सन्धि भएपछिको नह्+यस्ति यस अवस्थामा हकारदेखि उत्तरवर्ती यर् प्रत्याहारमा पर्ने यकारकै द्वित्व भएर नह्य्यस्ति शब्दको निष्पत्ति हुन्छ । यसैगरी रेफदेखि र हकारदेखि उत्तरवर्ती यर् प्रत्याहारस्थ ककार, नकार, मकार र शकारको द्वित्व भएर अर्क्कः, मर्क्कः, अपह्न्नुते, ब्रह्म्मा र दश्श्र्यते शब्दहरूको निष्पत्ति हुन्छ ।

यर् वर्णको द्वित्व गर्ने उपर्युक्त नियमका सन्दर्भमा दुई द्वित्वनिषेधनियमको प्रवृत्ति हुन्छ । अच् पर भएमा शर् प्रत्याहारस्थ वर्णको द्वित्व नहुने (पा.,अ. ८।४।४९) भएकाले चतुर् शब्ददेखि सप्तमीको एकवचनमा सुप् प्रत्यय र सकारको षत्व भएपछिको चतुर्+षु यस अवस्थामा शर् वर्णको द्वित्वनियमले प्राप्त भएको द्वित्व निषेध भएका कारण एक षकारले युक्त चतुर्षु शब्द सिद्ध हुन्छ । यसैगरी कर्षति, वर्षति, आकर्षः, अक्षदर्शः आदि प्रयोगहरूमा पनि अच् पर भएका कारण षकार र शकारको द्वित्वनिषेध भएको हो । त्यसैगरी शाकल्यका मतमा भने तीनभन्दा कम व्यञ्जनवर्णको संयोग भएमा पनि अच्देखि उत्तरवर्ती रेफ र हकारदेखि पर रहेका यर् वर्णको विकल्पले द्वित्वनिषेध हुने (पा.,अ. ८।४।५१) भएकाले अकारदेखि उत्तरवर्ती रेफ र हकारदेखि पर रहेका यर् वर्णका ककार, मकार र नकारको विकल्पले द्वित्वनिषेध भएर अर्कः, मर्कः, ब्रह्मा र अपह्नुते शब्द सिद्ध भएका हुन् भने द्वित्वनिषेध नभएका पक्षमा यिनमा यर् वर्णको उपर्युक्त द्वित्वनियम प्रवृत्त हुन्छ ।

अच् वर्णदेखि पर रहेका यर् वर्णको पनि अच् पर नभएमा विकल्पले द्वित्व हुने (पा.,अ. ८।४।४७) भएकाले सुधीभि उपास्यः यस विग्रहमा षष्ठी समास र यण्सन्धि भएपछिको सुध्य्+उपास्यः यस अवस्थामा उकारदेखि पर रहेको यर् प्रत्याहारस्थ धकारको अच्भिन्न यकार पर भएकाले द्वित्व तथा अन्य नियमले जश्त्वसमेत भएर सुद्ध्युपास्यः शब्द सिद्ध हुन्छ र यसैगरी अच् वर्णदेखि पर रहेका धकार र तकारको अच्भिन्न धकार र रेफ पर भएकाले द्वित्व भएर मद्ध्वरिः र धात्त्रंशः शब्द बन्दछन् । यर् वर्णको द्वित्वका लागि प्रवृत्त हुने यस नियमलाई प्रसज्यप्रतिषेध नमानी पर्युदास मानिएको (शर्मा, २०००, पृ. २२९) हुँदा वाक्क्/वाक्, त्वक्क्/त्वक्, स्रुक्क्/स्रुक्, षट्ट्/षट्, तत्त्/तत् आदि शब्दमा पनि विकल्पले यर् वर्ण ककार, टकार र तकारको द्वित्व सिद्ध भएकाले अवसानमा पनि यर् वर्णको द्वित्व हुने (का.,म.भा. ८।४।४७।३) नियम प्रत्याख्यान गरिएको (शर्मा, पूर्ववत्) हुँदा त्यसलाई पुनः पढ्नु (त्रिपाठी, २०५७, पृ. ४५८) युक्तिसङ्गत देखिँदैन ।

यर् वर्णको द्वित्वका लागि प्रवृत्त हुने उपर्युक्त दोस्रो नियमका सन्दर्भमा पाँच निषेधनियमहरू प्रवृत्त हुन्छन् । यदि वाक्यद्वारा आक्रोश बुझिन्छ र आदिनी शब्द पनि पर छ भने अच् वर्णदेखि उत्तरवर्ती पुत्र शब्दको अवयव यर् वर्णका तकारको द्वित्व नहुने (पा.,अ. ८।४।४८) भएकाले यर् वर्णको दोस्रो द्वित्वनियमको प्रवृत्ति नहुँदा 'पुत्रादिनी त्वमसि पापे' वाक्यमा पुत्र शब्दका तकारको द्वित्व नभएको हो । त्यसैगरी आदिनी र पुत्र शब्द पर भएमा पनि पुत्र शब्दको अवयव यर् वर्णका तकारको द्वित्व नहुने (का.,म.भा. ८।४।४८।१) भएकाले यर् वर्णको दोस्रो द्वित्वनियमको निषेध भएर 'पुत्रपुत्रादिनी त्वमसि पापे' वाक्यमा अघिल्लो पुत्र शब्दका तकारको द्वित्व हुन नसकेको हो । त्यस्तै हत र जग्ध शब्द पर भएमा पनि पुत्र शब्दको अवयव यर् वर्ण तकारको विकल्पले द्वित्वनिषेध हुने (का.,म.भा. ८।४।४८।२)

भएकाले एक पक्षमा यर् वर्णको दोस्रो द्वित्वनियम निषेध भएर पुत्रहती र पुत्रजग्धी शब्द बन्दछन् भने अर्को पक्षमा यर् वर्णको दोस्रो द्वित्वनियम प्रवृत्त भएर पुत्त्रहती र पुत्त्रजग्धी शब्दको निष्पत्ति हुन्छ । यसैगरी शाकटायनका मतमा तीन वा तीनभन्दा बढी व्यञ्जनवर्णको संयोग भएमा पनि अच्देखि उत्तरवर्ती यर् वर्णको विकल्पले द्वित्वनिषेध हुने (पा.,अ. ८।४।५०) भएकाले नकार, दकार र रेफ तीन वर्णको संयोग हुँदा इन्द्रः र चन्द्रः शब्दमा नकारको तथा षकार, टकार र रेफ तीन वर्णको संयोग भएका कारण राष्ट्रम्, भ्राष्ट्रम् र उष्ट्रः शब्दमा षकारको विकल्पले दोस्रो द्वित्वनियमको निषेध भएको हो भने निषेध नभएका पक्षमा दोस्रो द्वित्वनियम प्रवृत्त भएर इन्न्द्रः, चन्न्द्रः, राष्ष्ट्रम्, भ्राष्ष्ट्रम् र उष्ष्ट्रः शब्दमा नकार र षकारको द्वित्व भएको हो । त्यसैगरी केही आचार्यहरूका मतमा दीर्घ स्वरदेखि उत्तरवर्ती यर् वर्णको द्वित्वनिषेध हुने (पा.,अ. ८।४।५२) भएकाले आकारदेखि उत्तरवर्ती तकार र रेफ दुई व्यञ्जनवर्णको संयोग हुँदा यर् वर्णका तकारको विकल्पले द्वित्वनिषेध भएर दात्रम्, पात्रम्, मूत्रम् र सूत्रम् शब्द सिद्ध भएका हुन् भने द्वित्वनिषेध नभएका पक्षमा दोस्रो द्वित्वनियमले तकारको द्वित्व भएर दात्त्रम्, पात्त्रम्, मूत्त्रम् र सूत्त्रम् शब्दको निष्पत्ति हुन्छ ।

## यण् वर्णको द्वित्वनियम र प्रयोगको विश्लेषण

यण् प्रत्याहारमा पर्ने य् व् र् ल् वर्णलाई यण् वर्ण भनिन्छ । मय् प्रत्याहारस्थ वर्णदेखि अव्यवहित पर रहेका यण् वर्णको द्वित्व हुने (का.,म.भा. ८।४।४७।१) भएकाले सुद्ध्य्+उपास्यः यस अवस्थामा मय् प्रत्याहारस्थ धकारदेखि पर रहेका यकारको द्वित्व भएर द्विध र द्वियले युक्त सुद्ध्ययुपास्यः शब्दको निष्पत्ति हुन्छ । यसैगरी मय् प्रत्याहारस्थ धकारदेखि उत्तरवर्ती वकारको द्वित्व भएर द्विध र द्विवले युक्त मद्ध्व्वरिः शब्द बन्दछ ।

## मय् वर्णको द्वित्वनियम र प्रयोगको विश्लेषण

मय् प्रत्याहारमा पर्ने वर्णलाई मय् वर्ण भनिन्छ । यण् वर्णको द्वित्व गर्ने कात्यायनको उपर्युक्त वार्तिक नियमको अर्को पक्षमा यण्लाई पञ्चमी र मय्लाई षष्ठी विभक्ति मानिन्छ । तदनुसार मय् वर्णको द्वित्व हुने (का.,म.भा. ८।४।४७।१) भएकाले सुध्य्+उपास्यः यस अवस्थामा मय् प्रत्याहारस्थ यकारको द्वित्व भएर द्विध र एक यकारले युक्त सुद्ध्युपास्यः शब्दको निष्पत्ति हुन्छ । यसैगरी मय् प्रत्याहारस्थ धकारको द्वित्व भएर द्विध र एक वकारले युक्त मद्ध्वरिः शब्द बन्दछ भने ककार र मकारको द्वित्व भई उल्क्का र वल्म्मीकः शब्दको निष्पत्ति हुन्छ ।

## खय् वर्णको द्वित्वनियम र प्रयोगको विश्लेषण

खय् प्रत्याहारमा पर्ने वर्णलाई खय् वर्ण भनिन्छ । शर् प्रत्याहारमा पर्ने वर्णदेखि पर रहेका खय् वर्णको विकल्पले द्वित्व हुने (का.,म.भा. ८।४।४७।२) भएकाले सम्यक् करोति यस विग्रहमा सम् उपसर्गपूर्वक कृ धातुदेखि तृच् प्रत्यय, धातुका ऋकारको गुण र रपरत्व भएर बनेको सम्+कर्ता यस अवस्थामा मकारको रुत्व, रुपूर्व अनुनासिक, रुको विसर्ग र सत्व भएपछिको संस्+कर्ता यस अवस्थामा शर् वर्ण सकारदेखि पर रहेको खय् वर्ण ककारको विकल्पले द्वित्व भएर संस्क्कर्ता आदि द्विककारयुक्त मात्रै छ प्रकारका शब्दहरू सिद्ध हुन्छन् भने ककारको द्वित्व नभएका पक्षमा एक ककारले युक्त शब्दको प्रयोग गरिन्छ । यसैगरी शर् वर्ण सकारदेखि पर रहेको खय् वर्ण तकारको विकल्पले द्वित्व भएर स्त्थाली, स्त्थाता आदि शब्द बन्दछन् भने द्वित्व नभएका पक्षमा स्थाली, स्थाता आदि शब्दको निष्पत्ति हुन्छ ।

## शर् वर्णको द्वित्वनियम र प्रयोगको विश्लेषण

शर् प्रत्याहारमा पर्ने वर्णलाई शर् वर्ण भनिन्छ । खय् वर्णको उपर्युक्त द्वित्वनियमका सन्दर्भमा "खय इति पञ्चमी शर इति षष्ठी" पक्ष पनि पाइन्छ (शर्मा, २०००, पृ. २२९) । तदनुसार खय् प्रत्याहारमा पर्ने वर्णदेखि पर रहेका शर् वर्णको विकल्पले द्वित्व हुने (का.,म.भा. ८।४।४७।२) भएकाले खय् वर्ण तकार र पकारदेखि पर रहेका शर् वर्ण सकार र षकारको विकल्पले द्वित्व भएर वत्स्सः, वत्स्सरः, अप्स्सरा, क्ष्षीरम् र इक्ष्षुः शब्द सिद्ध हुन्छन् भने विकल्पले द्वित्व नभएका पक्षमा वत्सः, वत्सरः, अप्सरा, क्षीरम् र इक्षुः शब्दको प्रयोग गरिन्छ । परन्तु अच् पर भएमा शर् प्रत्याहारस्थ वर्णको द्वित्वनिषेध (पा.,अ. ८।४।४९) भएर चतुर्षु, कर्षति, वर्षति, आकर्षः, अक्षदर्शः जस्ता शब्दहरू सिद्ध भएको पाइन्छ ।

## पाणिनीय व्याकरणका धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

पाणिनीय व्याकरणमा लगभग दुई हजार मौलिक धातुहरू पढिएका छन् भने सन्, क्यच् आदि प्रत्यय लागेका यौगिक धातुहरूको सङ्ख्या यति नै छ भनेर यकिन गर्न सकिँदैन । यौगिक धातुको निर्माण गर्दा र मूल धातु वा यौगिक धातुबाट क्रियापद वा कृदन्त शब्दको निर्माण गर्ने क्रममा धातुको पूर्ण वा आंशिक रूपमा पुनरावृत्ति हुने प्रक्रियालाई धातुद्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा धातुको द्वित्वका लागि छ सूत्रनियम र १० वार्तिकनियम तथा दुई भाष्येष्टिनियम गरी १८ नियमहरूको प्रवृत्ति भएको पाइन्छ र तिनलाई उत्तरवर्ती प्रत्ययलाई निमित्त मानेर लिट्निमित्तक, सन्यङ्निमित्तक, श्लुनिमित्तक, चङ्निमित्तक, अच्निमित्क, क्विप्निमित्तक र क-कुनिमित्तक गरी सात प्रकारमा विभाजन गर्न सकिन्छ । तीमध्ये लिट्निमित्तक, सन्यङ्निमित्त, श्लुनिमित्तक र चङ्निमित्तक धातुको द्वित्व हुँदा धातुका प्रथमैकाच्को द्वित्व हुने (पा.,अ. ६।१।१) र अजादि धातुका द्वितीयैकाच्को द्वित्व हुने (पा.,अ. ६।१।२) दुई सूत्रको अधिकारमा पढिएका १० सूत्रहरूमध्ये छ सूत्रहरू धातुका प्रथमैकाच् र द्वितीयैकाच्को द्वित्वका लागि प्रवृत्त हुन्छन् भने पाणिनीय व्याकरणमा अजादि धातुका तृतीयैकाच्को र ईर्ष्य् धातुका तृतीय व्यञ्जनको समेत द्वित्व गर्ने चार वार्तिकनियमहरू प्रवृत्त भएका पाइन्छन् ।

## लिट्निमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

लिट् लकारलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को पुनरावृत्ति हुने प्रक्रियालाई लिट्निमित्तक धातुको द्वित्व भनिन्छ । यसका लागि एउटा पाणिनीय सूत्रनियम र एउटा निषेधमूलक निपातन सूत्रनियम तथा एउटा भाष्येष्टिनियमको प्रवृत्ति हुन्छ । लिट् लकार पर भएमा अभ्याससंज्ञकभिन्न धातुको अवयवभूत प्रथम एकाच्को र अजादि धातुको द्वितीय एकाच्को द्वित्व हुने (पा.,अ. ६।१।८) भएकाले भू धातुदेखि लिट्, तिप्, णल् र वुगागम भएपछिको भूव्+अ यस अवस्थामा लिट् लकारको णल् पर भएकाले अभ्यासभिन्न भूव् धातुको अवयवभूत प्रथम एकाच् भूव्को द्वित्व भएपछि अभ्यासादि कार्य भएर बभूव शब्द निष्पन्न हुन्छ भने ऊर्णु धातुदेखि लिट्, तिप् र णल् भएपछिको ऊर्णु+अ यस अवस्थामा लिट् लकारको णल् पर भएको हुँदा अभ्यासभिन्न अजादि ऊर्णु धातुका द्वितीय एकाच् नुको द्वित्व र अभ्यासादि कार्य भएर ऊर्णुनाव शब्द बन्दछ । यसैगरी पपाच, पपाठ आदि शब्दमा पनि हलादि पच्, पठ् धातुका प्रथमैकाच्को द्वित्व भएको देखिन्छ । वेदमा चाहिँ लिट्, श्लु आदि पर भएमा पनि अभ्याससंज्ञकभिन्न धातुको अवयवभूत प्रथम एकाच्को र अजादि धातुको द्वितीय एकाच्को विकल्पले द्वित्व हुने (पतञ्जलि, म.भा. ६।१।८।२ भाष्येष्टि) भएकाले द्वित्व हुँदा जजागार, ददाति आदि प्रयोगहरू

बन्दछन् भने द्वित्व नहुँदा जागार, दाति आदि प्रयोगहरू सिद्ध हुन्छन् । परन्तु लोकमा र वेदमा पनि लिट्निमित्तक भए पनि क्वसु प्रत्ययान्त दाश्वान्, साह्वान् र मीढ्वान् शब्दको सिद्धिका लागि निपातनद्वारा द्वित्व आदि नहुने (पा.,अ. ६।१।१२) भएकाले दास्, सह् र मिह् धातुदेखि लिट् र क्वसु प्रत्यय भएपछि द्वित्व र इट् आगमको अभाव, उपधाको दीर्घ तथा हकारको ढत्वसमेत निपातन भएर यी शब्दहरू सिद्ध भएका हुन् ।

## सन्यङ्निमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

सन् प्रत्यय र यङ् प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय वा तृतीय एकाच्को समेत द्वित्व हुनुलाई सन्यङ्निमित्तक धातुको द्वित्व भनिन्छ । यस किसिमको द्वित्वका लागि पाणिनीय व्याकरणमा एउटा मात्र सूत्र प्रवृत्त हुन्छ भने द्वितीय एकाच्को द्वित्वनिषेधका लागि एउटा सूत्रको तथा तृतीय एकाच्को द्वित्वका लागि चार वार्तिकहरूको प्रवृत्ति भएको पाइन्छ । सन् प्रत्यय र यङ् प्रत्यय पर भएमा अभ्यासभिन्न हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच् द्वित्व हुने (पा.,अ. ६।१।९) भएकाले पठितुमिच्छति यस विग्रहमा पठ् धातुदेखि सन् प्रत्यय भएपछि पठ्+स यस अवस्थामा सन् प्रत्यय पर रहेका कारण हलादि पठ् धातुका प्रथम एकाच्को द्वित्व र अभ्यासादिकार्य भएर पिपठिषति शब्द बन्दछ भने पुनः पुनरतिशयेन वा भवति यस विग्रहमा भू धातुदेखि यङ् प्रत्यय भएपछि भू+य यस अवस्थामा यङ् प्रत्ययलाई निमित्त मानेर हलादि भू धातुका प्रथम एकाच्को द्वित्व र अभ्यासादिकार्य भएर बोभूयते शब्दको निष्पत्ति हुन्छ । त्यस्तै अजादि ऋ धातुदेखि सन् प्रत्यय हुँदा द्वितीय एकाच् रिको द्वित्व भएर अरिरिषति शब्द बन्दछ भने अजादि अट् धातुदेखि यङ् प्रत्यय हुँदा द्वितीय एकाच् ट्यको द्वित्व भएर अटाट्यते शब्द निष्पन्न हुन्छ । यसैगरी पिपक्षति, पापच्यते, यायज्यते इत्यादि शब्दमा सन् र यङ् पर भएकाले हलादि पच् र यज् धातुका प्रथम एकाच्को तथा उन्दिदिषति, अरार्यते आदि शब्दमा सन् र यङ् पर भएका कारण अजादि उन्द् र ऋ धातुका द्वितीय एकाच् दि र र्यको द्वित्व भएको पाइन्छ । परन्तु द्वितीय एकाच्का अवयवभूत नकार, दकार र रेफको द्वित्वनिषेध हुने (पा.,अ. ६।१।३) भएकाले अजादि उन्द्, अड्ड् र अर्च् धातुदेखि सन् प्रत्यय, इट् आगम र षत्व गरेपछि उन्दिष, अड्डिष र अर्चिष धातुका द्वितीय एकाच्को द्वित्व प्राप्त भए (पा.,अ. ६।१।९) पनि यी धातुमा क्रमशः नकार, दकार र रेफ भएका कारण द्वित्वनिषेध भएर उन्दिदिषति, अड्डिडिषति र अर्चिचिषति शब्दहरू बन्दछन् ।

सन् प्रत्यय पर भएमा ईर्ष्य् धातुको (का.,म.भा. ६।१।३।२), कण्ड्वादि धातुको (का.,म.भा. ६।१।३।३) र नामधातुको (का.,म.भा. ६।१।३।४) पनि तृतीय एकाच्को द्वित्व हुने भएकाले ईर्ष्य् धातुदेखि सन् प्रत्यय, इट् आगम र षत्व गरेपछिको ईर्ष्य्+इ+ष यस अवस्थामा तृतीय एकाच् षको द्वित्व र अभ्यासादिकार्य भएर ईर्ष्यिषषति; कण्डूञ् धातुदेखि यक् प्रत्यय, सन् प्रत्यय, इडागम र षत्व गरेपछिको कण्डूयिष यहाँ तृतीय एकाच् यिको द्वित्व र अभ्यासादिकार्य भएर कण्डूयियिषति; कण्ड्वादि असुञ् धातुदेखि यक्, सन्, इडागम र षत्व गरेपछिको असूयिष यहाँ तृतीय एकाच् यिको द्वित्व र अभ्यासादिकार्य भएर असूयियिषति तथा अश्व नामधातुदेखि क्यच् प्रत्यय, ईत्व, सन् प्रत्यय, इडागम, अलोप र षत्व गरेपछिको अश्वीयिष यहाँ तृतीय एकाच् यिको द्वित्व र अभ्यासादिकार्य भएर अश्वीयियिषति शब्दको निष्पत्ति हुन्छ । यीमध्ये ईर्ष्य् धातुको द्वित्वका प्रसङ्गमा तृतीय एकाच्को द्वित्व गर्ने र तृतीय व्यञ्जनको समेत द्वित्व गर्ने दुई मत पाइन्छन् (पतञ्जलि, शास्त्री, १९९१, पृ. १७) । तृतीय एकाच्को द्वित्व हुँदा ईर्ष्यिषषति शब्द बन्दछ भने तृतीय व्यञ्जनको द्वित्व गर्दा ईर्ष्यियिषति शब्दको निष्पत्ति हुन्छ । त्यसैगरी कण्ड्वादि धातुको द्वित्वका सन्दर्भमा चङ् प्रत्यय पर हुँदा पनि तृतीय एकाच्को द्वित्व हुने (नागेश, शास्त्री, १९९१, पृ. १७)

भएकाले ईर्ष्य् धातुदेखि लुङ् लकारमा चङ् प्रत्यय हुँदा तृतीय एकाच् र तृतीय व्यञ्जनको द्वित्व भएर ऐर्ष्यियत् र ऐर्षिष्यत् शब्द बन्दछन् । त्यस्तै नामधातुको द्वित्वका प्रसङ्गमा यथेष्ट अच्को अर्थात् प्रथम एकाच्को, द्वितीय एकाच्को र तृतीय एकाच्को पनि द्वित्व हुने (म.भा. ६।१।३।५ अपरवार्तिक) भएकाले द्वित्व हुँदा तीनै अच्को एकैपटक द्वित्व नभई एक एक गरी द्वित्वको प्रवृत्ति (नागेश, पूर्ववत्) भएर पुपुत्रीयिषति, पुतित्रीयिषति र पुत्रीयियिषति गरी तीन शब्दहरूको सिद्धि भएको पाइन्छ ।

## श्लुनिमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

श्लु प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को द्वित्व हुनुलाई श्लुनिमित्तक धातुको द्वित्व भनिन्छ । यसका लागि पाणिनीय व्याकरणमा एउटा सूत्रनियमको प्रवृत्ति हुन्छ । श्लु प्रत्यय पर भएमा अभ्यासभिन्न हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को द्वित्व हुने (पा.,अ. ६।१।१०) भएकाले हु धातुदेखि लट् लकार, तिप् प्रत्यय, सार्वधातुकसंज्ञा, शप् प्रत्यय, शप्को श्लु भएपछि श्लुलाई निमित्त मानेर हलादि हु धातुका प्रथम एकाच्को द्वित्व र अभ्यासादिकार्य भएर जुहोति शब्द बन्दछ । यसैगरी बिभेति, जिह्रेति आदि शब्दमा पनि श्लुलाई निमित्त मानेर भी र ह्री धातुका प्रथमैकाच्को द्वित्व भएको देखिन्छ । श्लुनिमित्तक जुहोत्यादिगणमा पढिएका धातुमध्ये अजादिमा एउटा ऋ धातु रहेको र शप्को श्लु हुँदा ऋ मात्र शेष रहेका कारण प्रथम एकाच् भने पनि द्वितीय एकाच् पनि असहायका रूपमा रहेको ऋ धातुकै द्वित्व हुने हुँदा श्लुनिमित्तक अजादि धातुका द्वितीय एकाच्को प्रयोग अन्वेषणीय छ ।

## चङ्निमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

चङ् प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को द्वित्व हुने प्रक्रियालाई चङ्निमित्तक धातुको द्वित्व भनिन्छ । चङ् प्रत्यय पर भएमा अभ्यासभिन्न हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को द्वित्व हुने (पा.,अ. ६।१।११) भएकाले णिङन्त कम् धातुदेखि लुङ् लकार, त प्रत्यय, अडागम, च्लि प्रत्यय, चङ् आदेश र णिको लोप भएपछिको अकाम्+अत यस अवस्था अभ्यासभिन्न हलादि ण्यन्त काम् धातुका प्रथम एकाच्को द्वित्व र अभ्यासादिकार्य भएर अचीकमत शब्द बन्दछ भने अजादि ण्यन्त अट् धातुदेखि चङ् प्रत्यय हुँदा द्वितीय एकाच् टिको द्वित्व भएर आटिटत् शब्दको निष्पत्ति हुन्छ । यसैगरी अपीपचत् र अपीपठत् शब्दमा हलादि पच् र पठ् धातुका प्रथम एकाच्को तथा आर्दिदत् शब्दमा अजादि अर्द् धातुका द्वितीय एकाच् दिको द्वित्व भएको देखिन्छ ।

## अच्निमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

अच् प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को र अजादि धातुका द्वितीय एकाच्को द्वित्व हुने प्रक्रियालाई अच्निमित्तक धातुको द्वित्व भनिन्छ । यसका लागि तीन वार्तिकनियमहरू प्रवृत्त हुन्छन् । अच् प्रत्यय पर भएमा अभ्यासको हलादिशेषाभाव र आक् आगमका प्रसङ्गमा चर्, चल्, पत् र वद् धातुका प्रथम एकाच्को द्वित्व हुने (का.,म.भा. ६।१।१२।६) र रात्रिञ्चर इत्यादि प्रयोग देखिएकाले यो द्वित्वनियम विकल्पले प्रवृत्त हुने (नागेश, म.भा. ६।१।१२।६ प्रदीपटीका) हुँदा यी धातुदेखि अच् प्रत्यय, धातुका प्रथम एकाच्को द्वित्व र अभ्यासको आक् आगमसमेत भएर चराचरः, चलाचलः, पतापतः र वदावदः शब्द सिद्ध हुन्छन् भने द्वित्व र आक् आगम नभएका पक्षमा चरः, चलः, पतः र वदः शब्दको निष्पत्ति हुन्छ । त्यसैगरी अच् प्रत्यय पर भएमा अभ्यासको हलादिशेषाभाव, आक् आगम र

नकारको घत्वका प्रसङ्गमा हन् धातुका प्रथम एकाच्को पनि द्वित्व हुने (का.,म.भा. ६।१।१२।७) भएकाले हन् धातुदेखि अच् प्रत्यय, धातुका प्रथम एकाच्को द्वित्व, अभ्यासको हलादिशेषाभाव, आक् आगम र नकारको घत्वसमेत भएर घनाघनः शब्द बन्दछ । त्यस्तै अच् पर भएमा णिलुक्, अभ्यासको हलादिशेषाभाव, दीर्घ र ऊक् आगमका प्रसङ्गमा ण्यन्त पाटि धातुका प्रथम एकाच्को द्वित्व हुने (का.,म.भा. ६।१।१२।८) भएकाले ण्यन्त पाटि धातुदेखि अच् प्रत्यय, णिलुक्, धातुका प्रथम एकाच्को द्वित्व, अभ्यासको हलादिशेषाभाव र अभ्यासकै दीर्घ तथा ऊक् आगमसमेत भएर पाटूपटः शब्द निष्पन्न हुन्छ । पाणिनीय व्याकरणमा अच् प्रत्ययलाई निमित्त मानेर चर्, चल्, पत्, वद्, हन् र ण्यन्त पट् धातुको बाहेक अन्य धातुको द्वित्व भएको देखिँदैन ।

## क्विप्निमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

क्विप् प्रत्ययलाई निमित्त मानेर धातुको द्वित्व हुने प्रक्रियालाई क्विप्निमित्तक धातुको द्वित्व भनिन्छ । क्विप्निमित्तक द्वित्व हुने चार धातुहरू हलादि मात्र रहेका र क्विप्निमित्तक द्वित्व प्रक्रिया प्रथमैकाच्को अधिकारमा नपढिएको भए तापनि यी सबै धातुका प्रथम एकाच्को द्वित्व हुन्छ । पाणिनीय व्याकरणमा यस किसिमको द्वित्वका लागि दुई वार्तिकनियमहरूको प्रवृत्ति भएको पाइन्छ । क्विप् प्रत्ययका प्रसङ्गमा हलादि द्युत्, गम् र हु धातुको द्वित्व हुने (का.,म.भा. ३।२।१७८।३) भएकाले क्विप् प्रत्ययलाई निमित्त मानेर द्युत्, गम् र हु धातुका एकाच्को द्वित्व भई दिद्युत्, जगत् र जुहूः शब्दको निष्पत्ति हुन्छ । त्यसैगरी क्विप् प्रत्यय र ह्रस्वका प्रसङ्गमा हलादि दृ धातुको द्वित्व हुने (का.,म.भा. ३।२।१७८।४) भएकाले क्विप् प्रत्ययलाई निमित्त मानेर दृ धातुका एकाच्को द्वित्व र ह्रस्व भई ददृत् शब्द बन्दछ । पाणिनीय व्याकरणमा द्युत्, गम्, हु र दृ चार धातुबाहेक अन्य धातुको क्विप् प्रत्ययलाई निमित्त मानेर द्वित्व भएको देखिँदैन ।

## क–कुनिमित्तक धातुको द्वित्वनियम र प्रयोगको विश्लेषण

क र कु प्रत्ययलाई निमित्त मानेर धातुको द्वित्व हुने प्रक्रियालाई क–कुनिमित्तक धातुको द्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा यस किसिमका द्वित्वनियम दुइटा छन् । क प्रत्यय पर भएमा कृञ् आदि धातुको द्वित्व हुने (का.,म.भा. ६।१।१२।५) भएकाले कृ र क्लिद् धातुदेखि क प्रत्यय भएर चक्रम् र चिक्लिदम् शब्द बन्दछन् भने क आदि प्रत्यय पर भएमा पनि धातुको द्वित्व हुने (पतञ्जलि, म.भा. ६।१।१२।५ भाष्येष्टि) भएकाले भृ र या धातुदेखि कु प्रत्ययलाई निमित्त मानेर बभ्रुः, ययुः आदिमा धातुको द्वित्व प्रवृत्त भएको हो ।

## पाणिनीय व्याकरणका पदको द्वित्वनियम र प्रयोगको विश्लेषण

शब्दको पुनरावृत्ति हुने प्रक्रियालाई पदको द्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा सम्पूर्ण पदको द्वित्व हुने अधिकार (पा.,अ. ८।१।१) मा चौध सूत्र (पा.,अ. ८।१।२–१५) पढिएका छन् र यसबाहेक अन्यत्र पदको द्वित्वका लागि कुनै नियमको विधान नगरिएकाले पाणिनीय व्याकरणमा पदको द्वित्व हुँदा आंशिक वा आपरिवर्तितका रूपमा नभई पूर्ण रूपमा द्वित्व भएको पाइन्छ । द्वित्व हुने निमित्तका आधारमा अर्थनिमित्तक, प्रत्ययनिमित्तक र पादपूर्तिनिमित्तक गरी तीन प्रकारका द्वित्व हुन्छन् भने द्वित्व हुने पदका दृष्टिले सुबन्त पदको द्वित्व र तिङन्त पदको द्वित्व गरी दुई किसिमले पदद्वित्वलाई वर्गीकरण गर्न सकिन्छ पाणिनीय व्याकरणमा पदको द्वित्वका लागि १० सूत्र र ८ वार्तिक गरी १८ नियमहरू प्रवृत्त भएका पाइन्छन् । यी नियमहरूमध्ये पादपूर्तिनिमित्तक द्वित्वनियम, प्रत्ययनिमित्तक

द्वित्वनियम र तिङन्त पदको द्वित्वनियमका तुलनामा अर्थनिमित्तक द्वित्वनियम र सुबन्त पदको द्वित्वनियमको बाहुल्य देखिन्छ ।

## अर्थनिमित्तक पदको द्वित्वनियम र प्रयोगको विश्लेषण

अर्थलाई निमित्त मानेर शब्दको पुनरावृत्ति गर्ने प्रक्रियालाई अर्थनिमित्तक पदको द्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा अर्थनिमित्तक पदको द्वित्व प्रक्रियालाई आभीक्ष्ण्य, वीप्सा आदि २५ प्रकारमा विभाजन गर्न सकिन्छ । क्रियाको नित्यता र व्याप्त गर्ने इच्छा (वीप्सा) अर्थ बुझिएमा सुबन्त वा तिङन्त दुवै पदको द्वित्व हुने (पा.,अ. ८।१।४) भएकाले पचति, पापच्यते, पापच्यस्य, भुक्त्वा, भोजम्, वृक्षम् र ग्रामः शब्दको द्वित्व भएर पचति पचति, पापच्यते, पापच्यस्य, भोजं भोजं व्रजति, भुक्त्वा भुक्त्वा व्रजति, वृक्षं वृक्षं सिञ्चति र ग्रामो ग्रामो रमणीयः वाक्यमा द्वित्व भएको हो भने बहुवीहिवद्भावका प्रसङ्गमा वीप्सा अर्थमै एक शब्दको पनि द्वित्व हुने (पा.,अ. ८।४।९) भएकाले एकैकमक्षरम् र एकैकया आहुत्या यी दुवै वाक्यका एक शब्दमा द्वित्व प्रवृत्त भएको हो । त्यसैगरी वर्जन अर्थमा रहेको परि शब्दको पनि द्वित्व हुने (पा.,अ. ८।४।५) हुँदा परि परि वङ्गेभ्यो वृष्टो देवः, परि परि सौवीरेभ्यः र परि परि सर्वसेनेभ्यः यी वाक्यमा वङ्गलाई, सौवीरलाई र सर्वसेनलाई छाडेर भन्ने अर्थमा परि शब्दको द्वित्व भएको हो । यो द्वित्वनियम विकल्पले प्रवृत्त हुने (का.,म.भा. ८।४।५।२) भएकाले द्वित्व भएका पक्षमा परि परि त्रिगर्तेभ्यो वृष्टो देवः जस्ता वाक्य सिद्ध हुन्छन् भने द्वित्व नभएका पक्षमा परि त्रिगर्तेभ्यो वृष्टो देवः जस्ता वाक्यको निष्पत्ति हुन्छ । त्यस्तै कालकृत् वा देशकृत् सामीप्य अर्थ विवक्षित भएमा उपरि, अधि र अधस् शब्दको पनि द्वित्व हुने (पा.,अ. ८।१।७) भएकाले उपर्युपरि ग्रामम्, उपर्युपरि दुःखम्, अध्यधि ग्रामम्, अध्यधि सुखम्, अधोऽधो लोकम् र अधोऽधो नगरम् यी वाक्यमा उपरि, अधि र अधस् शब्दको द्वित्व भएको हो । यसैगरी यदि कुनै वाक्यद्वारा असूया, सम्मति, कोप, कुत्सन र भर्त्सन अर्थ बुझिन्छ भने त्यस्तो वाक्यको सुरुमा विद्यमान आमन्त्रितसंज्ञक शब्दको पनि द्वित्व हुने (पा.,अ. ८।१।८) हुँदा सुन्दर सुन्दर वृथा ते सौन्दर्यम्, देव देव वन्द्योऽसि, दुर्विनीत दुर्विनीत इदानीं ज्ञास्यसि, धानुष्क धानुष्क वृथा ते धनुः र चोर चोर घातयिष्यामि त्वाम् यी वाक्यमा क्रमशः असूया, सम्मति, कोप, कुत्सन र भर्त्सन अर्थ बुझिएकाले यिनको प्रारम्भमा रहेका आमन्त्रितसंज्ञक शब्दमा द्वित्व प्रवृत्त भएको हो ।

बहुव्रीहिवद्भावका प्रसङ्गमा पीडा अर्थ बुझिएमा शब्द मात्रको द्वित्व हुने (पा.,अ. ८।१।१०) भएकाले गतगतः, नष्टनष्टः, पतितपतितः, गतगता, नष्टनष्टा र पतितपतिता शब्दमा गयो, बिग्र्यो, भ्रष्ट भयो, गई, बिग्री र पतित भई भन्ने पीडा अर्थ बुझिएको हुँदा गत, नष्ट र पतित शब्दको द्वित्व भएको हो । यसैगरी भेद र सादृश्य दुई किसिमका प्रकारमध्ये सादृश्य बुझाउने गुणवाचक शब्दको कर्मधायवद्भावका प्रसङ्गमा द्वित्व हुने (पा.,अ. ८।१।१२) भएकाले पटुपट्वी, पटुपटुः, मृदुमृद्वी, मृदुमृदुः, शुक्लंशुक्लम् र शुक्लशुक्लः शब्दमा गुणवाचक पट्वी, पटु, मृद्वी, मृदु, शुक्लम् र शुक्ल शब्दको द्वित्व भएको हो । कर्मधारयवद्भावसमेत भएका कारण यीमध्ये पट्वी र मृद्वी शब्दका द्वित्वभूत पूर्ववर्ती शब्दको पुंवद्भावका कारण पटु र मृदु भएको हो । त्यस्तै आनुपूर्व्य अर्थात् अघिपछि हुने अर्थमा शब्द मात्रको द्वित्व हुने (का.,म.भा. ८।१।१२।३) भएकाले मूले मूले स्थूलाः, अग्रेऽग्रे सूक्ष्माः र ज्येष्ठं ज्येष्ठं प्रवेशय यी वाक्यमा अघिपछिको क्रम बुझिएको हुँदा मूले, अग्रे र ज्येष्ठम् शब्दमा द्वित्व प्रवृत्त भएको हो । त्यसैगरी स्वार्थ अर्थात् आफ्नै अर्थ अवधार्यमाण भएमा अनेक अर्थ बुझाउने शब्दको द्वित्व हुने (का.,म.भा. ८।१।१२।४) भएकाले अस्मात् कार्षापणादिह भवद्भ्यां माषं माषं देहि यस वाक्यमा माषम् शब्दको द्वित्व भएको हो । यसैगरी चापल अर्थात् हडबडाउने अर्थ बुझिएमा त्यस्ता शब्दको द्वित्व हुने (का.,म.भा. ८।१।१२।५) हुँदा सर्पः सर्पो बुध्यस्व बुध्यस्व र अहिरहिर्बुध्यस्व

बुध्यस्व वाक्यमा सर्पः, अहिः र बुध्यस्व शब्दमा द्वित्व प्रवृत्त भएको हो । चापलार्थमा द्वित्व मात्र नभई जति शब्दहरूद्वारा चापलार्थ बुझिन्छ त्यति नै शब्दको पुनरावृत्ति हुने (पतञ्जलि, शर्मा, २०००, पृ. ३६) भएकाले सर्पः सर्पः सर्पो बुध्यस्व बुध्यस्व बुध्यस्व, अहिरहिरहिर्बुध्यस्व बुध्यस्व बुध्यस्व जस्ता वाक्य सिद्ध हुन्छन् । चञ्चलतापूर्वकको द्वित्वप्रवृत्ति द्विरुक्त पदको मात्र प्रयोग नभई अनेक स्वतन्त्र पदहरूको समेत हुने भएकाले यस नियमलाई शास्त्रीय द्विर्वचननियम मान्न सकिँदैन (कैयट, म.भा. ८।१।१२।५ प्रदीपटीका) ।

क्रियासमभिहार अर्थ बुझिएमा क्रियावाचक शब्दको पनि द्वित्व हुने (का.,म.भा. ६।१।१२।६) भएकाले लुनीहि लुनीहीत्येवायं लुनाति, पुनीहि पुनीहीत्येवायं पुनाति जस्ता वाक्यमा लुनीहि र पुनीहि क्रियावाचक शब्दको द्वित्व भएको हो । यद्यपि यो द्वित्वनियम नित्यवीप्सार्थको द्वित्वनियम (पा.,अ. ६।१।४) द्वारा नै सिद्ध थियो तथापि भृशार्थमा द्वित्वका लागि यसको पृथक् व्यवस्था गरिएको हो (भट्टोजिदीक्षित, शर्मा, १९८२, पृ. ६७२) । त्यसैगरी आभीक्ष्ण्य अर्थात् क्रियाको नित्यता अर्थ बुझिएमा पनि शब्दको द्वित्व हुने (का.,म.भा. ६।१।१२।७) भएकाले भुक्त्वा भुक्त्वा व्रजति र भोजं भोजं व्रजति वाक्यमा भुक्त्वा र भोजम् दुवै शब्दमा द्वित्व प्रवृत्त भएको हो । त्यस्तै अतिशय अर्थको विवक्षामा पूर्व र प्रथम शब्दको द्वित्व हुने (का.,म.भा. ८।१।१२।९) हुँदा पूर्वं पूर्वं पुष्प्यन्ति र प्रथमं प्रथमं पच्यन्ते यी दुवै वाक्यमा पूर्व र प्रथम शब्दमा द्वित्व प्रवृत्त भएको हो । यसैगरी स्त्रीलिङ्ग शब्दद्वारा सम्पन्नता अर्थ बुझिएमा समसम्प्रधारणका विषयमा डतर र डतम प्रत्ययान्त शब्दको पनि द्वित्व हुने (का.म.भा. ८।१।१२।१०) भएकाले उभाविमावाढ्यौ, कतराकतराऽनयोराढ्यता र सर्व इमे आढ्याः, कतमाकतमैषमाढ्यता यी दुवै वाक्यमा कतरा र कतमा दुवै शब्दको द्वित्व भएको हो । त्यसैगरी बहुल प्रकारले समासवद्भावका प्रसङ्गमा कर्मव्यतिहारमा सर्वनामसंज्ञक शब्दको पनि द्वित्व हुने (का.,म.भा. ८।१।१२।११) हुँदा अन्योन्यं विप्रा नमन्ति, अन्योऽन्यमिमे ब्राह्मणा भोजयन्ति, अन्योऽन्यौ, अन्योऽन्यान्, अन्योऽन्येन, अन्योऽन्यस्मै, अन्योऽन्यस्य, इतरेतरं भोजयन्ति, इतरेतरेण, इतरेतरस्य इत्यादि प्रयोगहरूमा सर्वनामसंज्ञक अन्य र इतर शब्दको द्वित्व भएको हो ।

अकृच्छ्र अर्थात् दुःखको अभाव अर्थ बुझिएमा प्रिय र सुख शब्दको पनि विकल्पले द्वित्व हुने (पा.,अ. ८।१।१३) भएकाले प्रिय र सुख शब्दको द्वित्व भएका पक्षमा प्रियप्रियेण ददाति र सुखसुखेन ददाति वाक्य सिद्ध हुन्छन् भने द्वित्व नभएका पक्षमा प्रियेण ददाति र सुखेन ददाति वाक्यको प्रयोग गरिन्छ । जो जो आत्मा एवम् आत्मीय छन् ती दुवैलाई यथास्वम् भनिन्छ र त्यस्तो अर्थ बुझिएमा यथा शब्दको नपुंसकलिङ्ग र द्वित्वको निपातन हुने (पा.,अ. ८।१।१४) भएकाले यथा शब्दको द्वित्व, नपुंसकलिङ्ग र उत्तरवर्ती यथा शब्दको ह्रस्वसमेत भएर यथायथं ज्ञाता वाक्यमा प्रयुक्त यथास्वभाव वा स्वभावानुरूप र यथात्मीय वा आत्मीयानुरूप अर्थ बताउने यथायथम् शब्द सिद्ध हुन्छ । त्यसैगरी रहस्य, मर्यादावचन, व्युत्क्रमण, यज्ञपात्रको प्रयोग र अभिव्यक्ति अर्थ बुझिएमा द्वि शब्दको द्वित्व, पूर्वपदको अम्भाव र उत्तरपदको अत्वको समेत निपातन हुने (पा.,अ. ८।१।१५) भएकाले द्वन्द्वं मन्त्रयते, आचतुरं हीमे पशवो द्वन्द्वं मिथुनीयन्ति, द्वन्द्वं व्युत्क्रान्ता द्विवर्गसम्बन्धेन पृथगवस्थिताः, द्वन्द्वं यज्ञपात्राणि प्रयुनक्ति र द्वन्द्वं सङ्कर्षणवासुदेवौ यी वाक्यमा प्रयुक्त द्वन्द्व शब्दले रहस्य आदि अर्थ बुझाएको हुँदा द्वि शब्दको द्वित्व, द्वित्वीभूत द्वि पूर्वपदको अम्भाव (द्वम्) र द्वि उत्तरपदको अत्व (द्व) निपातन भएर द्वन्द्व शब्दको सिद्धि भएको हो ।

## पादपूर्तिनिमित्तक पदको द्वित्वनियम र प्रयोगको विश्लेषण

पाउको पूर्तिलाई निमित्त मानेर शब्दको पुनरावृत्ति हुने प्रक्रियालाई पादपूर्तिनिमित्तक पदको द्वित्व भनिन्छ र यसका लागि लोकमा कुनै नियमको प्रवृत्ति भएको पाइँदैन भने वेदमा एउटा सूत्रनियम प्रवृत्त भएको देखिन्छ । वेदमा

पाउको पूर्ति गर्ने विषयमा प्र, सम्, उप र उत् यी सुबन्त शब्दहरूको द्वित्व हुने (पा.,अ. ८।१।६) भएकाले प्रपायमग्निर्भरतस्य शृण्वे, संसमिद्युवसे वृषन्, उपोप मे परामृश र किं नोदद् हर्षसे दातवा उ वाक्यहरूमा पादपूर्तिका लागि प्र, सम्, उप र उद् शब्दको पूर्णद्वित्व भएको छ । वेदमा र लोकमा समेत पादपूर्तिका लागि यसबाहेक अन्य द्वित्वनियमको प्रवृत्ति भएको देखिँदैन ।

## प्रत्ययनिमित्तक पदको द्वित्वनियम र प्रयोगको विश्लेषण

प्रत्ययलाई निमित्त मानेर पदको पुनरावृत्ति हुने प्रक्रियालाई प्रत्ययनिमित्तक पदको द्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा यस किसिमको एउटा मात्र वार्तिकनियम प्रवृत्त भएको पाइन्छ । डाच् प्रत्यय पर भएमा अनुकरणात्मक शब्दको द्वित्व हुने (का.,म.भा. ८।१।१२।८) भएकाले पटपटायति, घटघटायति, शरशरायति, पटपटाकरोति र पटपटायते शब्दमा अनुकरणात्मक पटत् शब्दको द्वित्व भएको हो । पाणिनीय व्याकरणमा डाच् प्रत्ययबाहेक अन्य प्रत्ययलाई निमित्त मानेर पदको द्वित्वका लागि कुनै नियम प्रवृत्त भएको पाइँदैन ।

## निष्कर्ष

पाणिनीय व्याकरणअनुसार वर्ण, धातु र पदको पुनरावृत्ति हुने प्रक्रियालाई द्वित्व भनिन्छ । पाणिनीय व्याकरणमा स्वरवर्णको द्वित्व हुँदैन भने १२ नियमका आधारमा व्यञ्जनवर्णहरूमध्ये यर्, यण्, मय्, खय् एवम् शर् प्रत्याहारमा पर्ने वर्णहरूको द्वित्व हुने र तीमध्ये ककार, टकार, तकार, धकार, नकार, मकार, यकार, वकार, शकार, षकार तथा सकार गरी ११ वर्णको द्वित्व भएका प्रयोगहरू बढ्ता भेटिन्छन् । पाणिनीय व्याकरणमा १८ नियमका आधारमा लिट्, सन्, यङ्, श्लु, चङ्, अच्, क्विप्, क र कु गरी नौ प्रत्ययलाई निमित्त मानेर हलादि धातुका प्रथम एकाच्को तथा अजादि धातुका द्वितीय एवम् तृतीय एकाच्को तथा ईर्ष्य् धातुका तृतीय व्यञ्जनवर्णको समेत द्वित्व हन्छ । धातुको द्वित्वका लागि निमित्त मानिने प्रत्ययहरूमध्ये लिट्, सन्, यङ्, चङ् र श्लु प्रत्ययनिमित्तक नियमहरू र प्रयोगको बाहुल्य देखिन्छ भने अच्, क्विप्, क र कु प्रत्ययनिमित्तक नियम र प्रयोगहरू अत्यन्त कम रहेका छन् । पाणिनीय व्याकरणमा पदको आंशिक द्वित्व हुँदैन भने पूर्णद्वित्वका लागि प्रवृत्त हुने अर्थनिमित्तक, पादपूर्तिनिमित्तक र प्रत्ययनिमित्तक २१ नियमका आधारमा मुख्यतः सुबन्त पदको एवम् अंशतः तिङन्त पदको द्वित्व हुन्छ । पदद्वित्वनिमित्तक नियम र प्रयोगहरूमध्ये पादपूर्तिनिमित्तक एवम् प्रत्ययनिमित्तक नियम र प्रयोगको अत्यन्त न्यूनता रहे पनि अर्थनिमित्तक नियम र प्रयोगहरूको व्यापकता पाइन्छ । श्लुनिमित्तक धातुको द्वित्वनियम र पादपूर्तिनिमित्तक पदको द्वित्वनियमका सन्दर्भमा मात्र दुइटा वैदिक द्वित्वनियमको प्रवृत्ति पाइए पनि अन्यत्र लौकिक द्वित्वनियमहरूको बाहुल्य देखिन्छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख अध्ययन गरी परिमार्जन गर्नका लागि यथोचित मार्गनिर्देशन दिएर सहयोग गर्नुहुने व्याकरण विषयविज्ञज्यूप्रति कृतज्ञतापूर्वक हार्दिक आभार व्यक्त गर्दछु ।

**सन्दर्भ सामग्रीसूची**


ढकाल, मतिप्रसाद (२०६७), *"पाणिनीय व्याकरणका द्वित्वनियम र प्रयोगको समीक्षण"*, ऋतम्भरा (वर्ष ११, पूर्णाङ्क १४, पृ. ६७—७७), काण्ठमण्डम्, ने.सं.वि.अनुसन्धानकेन्द्रम् ।

त्रिपाठी, रामदेव (१९७७ सन्), *भाषाविज्ञान की भारतीय परम्परा और पाणिनि*, पटना, बिहार राष्ट्रभाषा परिषद् ।

भंडारे, उद्धव (२०२१ सन्) भाषाविज्ञान एवं हिन्दी भाषा, मुम्बई, मुम्बई विद्यापीठ ।

भद्र, श्रीमन्त (२०१५ सन्) *"वैयाकरणसिद्धान्तकौमुदीस्थपूर्वार्द्धप्रकरणवैशिष्ट्यं तत्क्रममाहात्म्यं च"* https://sanskritkutir.blogspot.com/2015/07/blog-post.html

मिश्र, नारायण (सम्पा. १९७७ सन्), *अष्टाध्यायीसूत्रपाठः*, वाराणसी, चौखम्बा ओरियण्टालिया ।

व्यास, भोलाशङ्कर (२००४ सन्), *संस्कृत का भाषाशास्त्रीय अध्ययन*, वाराणसी, विश्वविद्यालय प्रकाशन ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. १९८२ सन्), *वैयाकरणसिद्धान्तकौमुदी* (भट्टोजिदीक्षितविरचिता, द्वितीयो भागः, बालमनोरमा–तत्त्वबोधिनीटीकासहिता), बनारस, मोतीलाल बनारसीदास ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. १९८६ ई.), *वैयाकरणसिद्धान्तकौमुदी* (भट्टोजिदीक्षितविरचिता, प्रथमो भागः, बालमनोरमा–तत्त्वबोधिनीटीकासहिता), दिल्ली, मोतीलाल बनारसीदास ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा. २००५ सन्), *वैयाकरणसिद्धान्तकौमुदी* (भट्टोजिदीक्षितविरचिता, तृतीयो भागः, बालमनोरमा–तत्त्वबोधिनीटीकासहिता), दिल्ली, मोतीलाल बनारसीदास ।

शर्मा, दधिराम (सम्पा. २००० सन्), *व्याकरणमहाभाष्यम्* (पतञ्जलिविरचितम्, षष्ठखण्डम्), दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान ।

शर्मा, शिवदत्त र शास्त्री, रघुनाथ (सम्पा.२००० सन्), *व्याकरणमहाभाष्यम्* (पतञ्जलिविरचितम्, तृतीयखण्डम्), दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान ।

शास्त्री, भार्गव (सम्पा. १९९१ सन्), *व्याकरणमहाभाष्यम्* (पतञ्जलिविरचितम्, चतुर्थ–पञ्चमखण्डे), दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान ।